# सिमकोट गाँउपालिकाको शैक्षिक अनुदान (सामुदायिक विद्यालय ) निर्देशिका
## २०७५

सिमकोट गाँउपालिका
सिमकोट,हुम्ला
२०७५

# सिमकोट गाँउपालिकाको शैक्षिक अनुदान (सामुदायिक विद्यालय )निर्देशिका २०७५

नेपालको संविधान २०७२ ले दिएको अधिकारलाई सार्थक तुल्याउन गाँउपालिकामा प्राप्त संघ र प्रदेश सरकार बाट प्राप्त अनुदान र गाँउपालिकाबाट विनियोजित आन्तरिक श्रोतको रकम गाँउपालिकाको शिक्षा शाखाले तयार गरी पेश गरेको बस्तुगत विवरणका आधारमा अनुदान तथा अन्य व्यवस्था सम्बन्धी निर्देशिका निर्माण गर्न आवश्यक भएकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ र सिमकोट गाँउपालिका शिक्षा नियमावली २०७५ बमोजिम मिति २०७५ भाद्र १४ १५ र १७ गते बसेको कार्यपालिका बैठकले यो निर्देशिका पारित गरी जारी गरेको छ ।

## परिच्छेद १

संक्षिप्त नाम र प्रारम्भ - (१) यस निर्देशिकाको नाम "सिमकोट गाँउपालिकाको शैक्षिक अनुदान (सामुदायिक विद्यालय) निर्देशिका २०७५" रहने छ ।

(२) यो निर्देशिका कार्यपालिकाले पारित गरेको मितिदेखि लागु हुनेछ ।

२ परिभाषा : - विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

क) "विद्यालय" भन्नाले नेपाल सरकारको संघिय शिक्षा ऐन, नियमावलीको आधारमा स्थापित प्रारम्भिक बालविकास केन्द्र देखि कक्षा १२ सम्म अध्ययन अद्यापन गराइने शैक्षिक संस्थालाई बुझाउँछ ।

ख) "ऐन" भन्नाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनुपर्छ ।

ग) "नियमावली" भन्नाले सिमकोट गाउपालिकाको शिक्षा नियमावली २०७५लाइ संम्झनुपर्छ ।

घ) "गाउँ सभा" भन्नाले सिमकोट गाँउपालिकाको गाँउसभालाई संम्झनु पर्छ ।

ङ) "कार्यपालिका" भन्नाले सिमकोट गाँउपालिकाको कार्यपालिकालाई संम्झनुपर्छ ।

च) "शिक्षा समिति " भन्नाले सिमकोट गाँउपालिका शिक्षा नियमावली २०७५को आधारमा गठित गाउँ शिक्षा समितिलाई संम्झनु पर्छ ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिमकोट गाँउपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

ज) "शिक्षा शाखा" भन्नाले सिमकोट गाउँपालिकाको शिक्षा सम्बन्धी काम गर्ने शाखालाइ बुझाउछ ।

झ) "शिक्षा अधिकृत" भन्नाले शिक्षा शाखामा काम गर्ने शाखा प्रमुख वा सो काम गर्न तोकिएको शिक्षा समुहको कर्मचारी भनी बुझाउछ ।

ञ) "वडा समिति" भन्नाले सिमकोट गाँउपालिका अन्तर्गतको वडाहरुको समिति बुझ्नुपर्छ ।

ट) "श्रोत केन्द्र" भन्नाले तोकिएको विद्यालय क्षेत्र भित्रको अनुगमन,निरिक्षण,शिक्षण सहजिकरण, तथ्याङ संकलन जस्ता शिक्षा क्षेत्रमा तोकिएका कामहरु गर्न स्थापित विद्यालय रोस्टर र वा समुहहरुको शैक्षिक केन्द्र भनि बुझाउछ ।

ठ) "श्रोत व्यक्ति " भन्नाले श्रोत केन्द्रमा काम गर्न तोकिएको शिक्षक संम्झनु पर्छ ।

ड) "विद्यालय निरिक्षक" भन्नाले गाउँपालिकाको शिक्षा शाखा अन्तर्गत काम गर्न तोकिएको शिक्षा समुहको अधिकृत कर्मचारी भन्ने बुझाउन्छ ।

ढ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले सिमकोट गाँउपालिका शिक्षा निमावली २०७५को आधारमा गठित विद्यालयको व्यवस्थापन समिति भन्ने बुझाउछ ।

ण) "शिक्षक अभिभावक संघ" भन्नाले सिमकोट गाँउपालिका शिक्षा निमावली २०७५को आधारमा गठित शिक्षक र अभिभावकहरुको समिति भनि बुझाउछ ।

त) " शिक्षक कर्मचारी " भन्नाले विद्यालयमा शिक्षण शिकाइ प्रयोजनकालागि नियमानुसार नियुक्त प्रधानाध्यापक, शिक्षक, कार्यालय सहायक, कार्यालय सहयोगी लगायतका नियमानुसार नियुक्त शिक्षक तथा कर्मचारी भन्ने बुझाउछ

थ) "अनुदान" भन्नाले सिमकोट गाँउपालिकाले विद्यालयको भौतिक विकास तथा निर्माण, शैक्षिक विकास, निर्माण, मर्मत सम्भार, विद्यालय शिक्षाकर्मीका लागि तलब भत्ता, प्रोत्साहन, पुरस्कार तथा विद्धार्थीहरुको सर्वाङ्गीण विकासकालागी प्राप्त हुने दिवा खाजा, पोषाक, छात्रवृति, शैक्षिक सामाग्रि, पाठ्य पुस्तक, खेलकुद आवासीय प्रवन्ध समेतकालागि प्रदान गरिने आर्थिक तथा प्राविधिक सहयोगलाइ जनाउछ ।

द) " लेखा परिक्षण " सिमकोट गाँउपालिका शिक्षा नियमावली २०७५ र सिमकोट गाँउपालिका शैक्षिक अनुदान सामुदायिक विद्यालय निर्शेशिका २०७५ अनुसार विद्यालयको आर्थिक लेखा जोखा तथा गुणस्तर अभिवृद्धि सम्बन्धी वित्तीय तथा सामाजिक परिक्षण भन्ने बुझाउछ ।

ध) " अनुगमन " भन्नाले विद्यालयको काम कारवाही शिक्षण सिकाइको अवस्थाको गतिविधि सम्बन्धि अधिकार प्राप्त अधिकारीबाट मुल्याङ्कन तथा विश्लेषण गर्ने कार्य भनि बुझाउछ ।

द) " दण्ड सजाय " भन्नाले प्रचलित कानुन विपरित काम गर्ने व्यक्ति, विद्यालय शिक्षक- कर्मचारी, विद्यार्थी अभिभावक र विद्यालय रहेको समुदायको प्रतिकुल काम गर्ने गराउने व्यक्तिलाइ प्रचलित कानुन अनुसार हुने सजाय भनि बुझाउछ ।

ध) " पुरस्कार " भन्नाले विद्यालयहरुको सर्वाङ्गीण विकासमा हितकारी काम गरे वापत प्राप्त हुने प्रशंसा, सम्मान, वृतिविकास तथा नगद धनराशीलाइ बुझाउछ ।

## परिच्छेद २

**३ -विद्यालयमा दिइने अनुदान सम्बन्धी व्यवस्था -**

क) विद्यालयहरुमा गाउँपालिका मार्फत देहायका अनुदानहरु उपलब्ध हुनेछन् ।

अ) विद्यालयको संचालन, व्यवस्थापन, शिक्षक तलब भत्ता, भौतिक व्यवस्थापन, मर्मत संभार, फर्निचर, दिवा खाजा, शैक्षिक सामग्री, सांस्कृतिक तथा खेलकुद समाग्री, छात्रवृति परिक्षा संचालन, कोचिङ कक्षा, ट्युसन लगायत शैक्षिक गुणस्तर अभिवृद्धिकालागि उपलब्ध श्रोत र साधनका आधारमा गाउँपालिकाको क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुलाइ नियमित तथा बिशेष अनुदान ।

ख) विद्यालयहरुलाइ उपलब्ध गराइने अनुदानका श्रोतहरु देहाय बमोजिम रहनेछन् ।

अ) नेपाल सरकारबाट आउने अनुदान

आ) प्रदेश सरकारबाट आउने अनुदान

इ) नेपाल सरकार वा संविधान प्रदत्त निकाय वा प्रदेश र स्थानीय सरकारसंग संम्झौता वा अनुमति लिइ प्राप्त हुने राष्ट्रसंघीय, अन्तराष्ट्रिय वा राष्ट्रिय सरकारी तथा गैह्र सरकारी एवं स्थानीय र निजि संघ संस्था एवं व्यक्ति वा समुहबाट प्राप्त हुने रकम ।

ई) गाउँपालिकाको आन्तरिक श्रोत

**४. अनुदान वितरणका आधारहरु:-**

क) विद्यालय अनुदान वितरणका आधारहरु देहाय बमोजिम हुनेछन् ।

अ) विद्यालय स्थापनाको जेष्ठता संचालित कक्षा र तह:- जस्तै न्युनतम ४० जनासम्म शिक्षक विद्धार्थी अनुपात भएको हुनुपर्ने ।

आ) विद्यालयलाइ उपलब्ध कक्षागत, तहगत र विषयगत शिक्षक दरबन्दी :-बाल विकास कक्षामा ४० जना बालबालिकासम्म १ जना सहजकर्ता,प्रा वि मा कक्षा १-३ सम्ममा २ दुईजना, १-५ मा कक्षा ३ तीन जना भन्दा कम दरबन्दी भएमा थप अनुदान उपलब्ध गराउने ।

इ) विद्यालयमा रहेका कक्षागत र तहगत विद्यार्थी संख्या : प्रत्येक कक्षामा ४० चालिस जना भन्दा बढी विद्यार्थी भई प्राविमा ५ जना भन्दा कम, निमाविमा ४ जना भन्दा कम र माविमा ५ जना भन्दा कम शिक्षक भएका विद्यालयहरुलाइ दरबन्दी पुरा नहुदासम्म आवश्यकता अनुसार थप अनुदान उपलब्ध गराउने ।

ई) शिक्षक, विद्यार्थी अनुपात, कक्षा, तह र विद्यालयको समग्र अवस्थाको आधारमा अनुदान उपलब्ध गराउने ।

उ) विद्यालयले निर्माण गरेको विद्यालय सुधार योजना, वार्षिक शैक्षणिक योजना, शैक्षिक उपलब्धि, परीक्षा नतिजा र शिक्षण सुधार योजनाका आधारमा अनुदानलाई प्राथमिकता दिने।

ऊ) विद्यालय रहेको समुदायको शैक्षिक अवस्था साँस्कृतिक अवस्था, अभिभावकहरुको चेतना र आर्थिक सामाजिक अवस्था हेरी अनुदानलाई प्राथमिकता दिने ।

ए) अभिभावक सहभागिता, नीजि तथा सामुदायिक र सार्वजनिक साझेदारी, विगतमा प्राप्त श्रोत साधनको सदुपयोग र उपलब्धिका आधारमा अनुदान दिन प्राथमिकता दिने ।

ऐ) विद्यालयको भौतिक अवस्था, कक्षाकोठा, भवन, शैक्षिक सामाग्रि, विज्ञान तथा अन्य प्रयोगात्मक सामाग्री, पुरस्तकालय, खानेपानी, खेलमैदान, घेरावार, चेतनामुलक कार्यक्रमहरु, गोष्ठी,तालिमको आवश्यकता तथा अन्य पुर्वाधारको निर्माणको लागि अनुदान दिने।

ओ) गाउँपालिकाको विनियोजित श्रोतको आधारमा अनुदान विनियोजन गर्ने ।

५.अनुदान वितरण प्रकृया :-

क) विद्यालयको अनुदान वितरण प्रकृया देहाय बमोजिम हुनेछ ।

अ) विद्यालय व्यवस्थापन समितिको निर्णय

आ) वडा समितिको सिफारीस

इ) विद्यालय निरीक्षक वा श्रोतव्यक्तिको स्थलगत निरिक्षण, अनुगमन गरेको प्रतिवेदन

उ) शिक्षा शाखाको सिफारिस

उ) शिक्षा समितिको सिफारिस

ए) कार्यपालिकाको निर्णय

## परिच्छेद ३

६ - विद्यालयलाइ दिइने अनुदानको कार्यान्वयन -

क )विद्यालयलाइ दिइने अनुदानको कार्यान्वयन देहाय बमोजिम हुनेछ ।

अ) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, विद्यार्थी प्रतिनिधिहरुको सयुक्त बैठकबाट विद्यालयको समस्याको प्राथमिकरण गर्नुपर्नेछ ।

आ) तोकिएको शिर्षकमा प्राप्त भएको रकम सोहि शिर्षकमा नियमानुसार खर्च गर्नुपर्नेछ।

इ) कार्य सम्पादन भएपछि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ , गाँउपालिकाको प्रतिनिधि, वडा प्रतिनिधि सम्मिलित भेलाबाट सार्वजनिक सुनुवाइ र सामाजिक परिक्षण गर्नुपर्नेछ ।

ई) प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, विद्यालय निरिक्षक र श्रोत व्यक्तिले आवश्यकता अनुसार निकासा भएको अनुदान नियमानुसार खर्च भए नभएकोबारे जाँचबुझ, अनुगमन र निरिक्षण गर्नुपर्नेछ ।

उ) प्रदान गरिने अनुदानको प्रभावकारीता र अवस्थाबारे गाँउसभामा जानकारी गराउनु पर्नेछ।

## परिच्छेद ४

**७ विद्यालयलाइ प्रदान गरिएको अनुदानको अनुगमन -**

क) विद्यालयलाइ निकाशा भएको अनुदान, ऐन, नियमावली, कार्यविधि र निर्देशिका अनुसार परिचालन भए नभएको बारेमा देहायका व्यक्ति, पदाधिकारी, संघ संस्थाहरुले अनुगमन गर्न सक्नेछन् ।

अ) सरोकारवाला निकायका खटिई आउने पदाधिकारीहरु ।

आ) गाँउपालिकाका पदाधिकारी तथा सम्बन्धीत कर्मचारीहरु ।

## परिच्छेद ५

**८ - विद्यालयलाई प्राप्त अनुदानको लेखा परिक्षण सम्बन्धी व्यवस्था:-**

क) विद्यालयहरुलाइ प्राप्त भएको अनुदानहरुको आम्दानी र खर्च प्रचलित ऐन नियम र कार्यविधि अनुसार भएको लेखा राख्ने र लेखा परिक्षण गराउने दायित्व विद्यालय व्यवस्थापन समित र आर्थिक कारोवार गर्ने शिक्षक कर्मचारीको हुनेछ ।

## परिच्छेद ६

**९ - दण्ड सजाय र पुरस्कार सम्बन्धी व्यवस्था:-**

क) दण्ड सजाय सम्बन्धी व्यवस्था:-
अ) विद्यालयलाइ प्राप्त भएको अनुदान चल, अचल सम्पत्ति नियमानुसार खर्च नभएमा, हिनामिना भएमा वा तोकिएको शिर्षकमा खर्च नगरिएको देखिएमा सम्बन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिहरुलाइ स्पष्टिकरण, तलब भत्ता रोक्का गर्ने लगायत नियमानुसार दण्ड सजाय हुनेछ :-
ख) पुरस्कार सम्बन्धि व्यवस्था :-

अ) विद्यालयलाइ प्राप्त अनुदानको सदुपयोग भएको, विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकको पक्षमा सकरात्मक र रचनात्मक काम भएको देखिएमा सम्बन्धित व्यक्ति संस्था तथा समुहलाइ पुरस्कृत गर्न सकिनेछ

। यस्तो पुरस्कार प्रशंसा तथा सम्मान र नगदको रुपमा शिक्षा दिवस, लोकतन्त्र दिवस, विद्यालयको बार्षिक उत्सब तथा अभिभावक दिवस, गाउँ सभा तथा अन्य दिवसहरुमा सार्वजनिक रुपमा प्रदान गरिनेछ ।

## परिच्छेद ७

**१०- बचाउ**

क) यस निर्देशिका लागु हुनुपूर्व विद्यालयहरुले प्राप्त गरेका अनुदानहरु यसै निर्देशिका बमोजिम भएको मनिनेछ ।

सिमकोट गाउँपालिकाको शिक्षा शाखा मार्फत तयार गरी प्रमुख प्रशासकिय अधिकृतबाट प्रस्तुत भइ सिमकोट गाँउकार्यपालिका बैठकबाट यो निर्देशिका पारित भएको छ ।

प्रमाणीकरण गर्ने :-
पदम बहादुर लामा
अध्यक्ष
सिमकोट गाउँपालिका हुम्ला
प्रमाणीकरणको मिति :- २०७५।०५।१७